निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेश विज्ञप्ति

मिति २०७८।१२।२

सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र, विश्वसनीय र मितव्ययी रुपमा संचालन गर्ने सन्दर्भमा स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २६ बमोजिम राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवार बाहेक राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम निर्वाचन प्रयोजनको लागि दर्ता भएका दलको उम्मेदवारलाई सोही दलको निर्वाचन चिन्ह दिने सम्बन्धमा निर्णय गर्नुपर्ने भएकोले आयोगबाट राष्ट्रिय दलको मान्यता प्राप्त नगरेका तर स्थानीय तह निर्वाचन २०७९ मा भाग लिन दर्ता भएका ७३ (त्रीहत्तर) राजनीतिक दललाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम देहायको पत्रचार गर्ने निर्णय गरेको छ ।

आयोगको निर्देशनमा २०७९ साल वैशाख ३० गते हुने स्थानीय तहका सदस्यको निर्वाचनका लागि आफ्नो दलको कुन कुन जिल्लामा जिल्ला स्तरको सङ्गठनात्मक संरचना (जिल्ला समिति) रहेको छ, सोको विवरण तयार गरी दलको केन्द्रीय पदाधिकारीले प्रमाणित गरी मिति २०७८/१२/६ गतेसम्म आयोगमा पेश गर्ने तथा आयोगमा उपलब्ध गराएको जिल्ला स्तरको सङ्गठनात्मक संरचना (जिल्ला समिति) को विवरण तयार गरी सो दलको जिल्ला समितिको पदाधिकारीले प्रमाणित गरी उक्त विवरण मिति २०७८/१२/६ गतेसम्म जिल्ला निर्वाचन कार्यालयमा पेश गर्ने उल्लेख छ । त्यसैगरी दलको जिल्ला स्तरको सङ्गठनात्मक संरचना (जिल्ला समिति) को विवरण जिल्ला निर्वाचन कार्यालयमा शिघ्र पेश गर्न सम्बन्धित दलले आफ्ना सबै जिल्ला कार्य समितिलाई निर्देशन दिन र दलको जिल्ला समितिबाट पेश हुन आएको विवरण आवश्यक जाँचबुझ गरी अभिलेख राखी सम्बन्धित निर्वाचन कार्यलयहरूले मिति २०७८/१२/७ गते भित्र आयोगको ईमेल (ecn.ppm@election.gov.np) मा तयार गरी उपलब्ध गराउने ब्यहोरा उल्लेख भएको छ । आयोगले तोकिए बमोजिमको विवरण तोकिएको समयभित्र पेश नगर्ने राजनीतिक दलको उम्मेदवारलाई स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६ को उपदफा ७ बमोजिम स्वतन्त्र उम्मेदवारलाइ प्रदान गरिने निर्वाचन चिन्ह नै प्रदान गर्ने र यस बमोजिम आयोगमा प्राप्त भइ पेश भएको दलको जिल्ला समितिको विवरण भिडेको आधारमा आयोगले निर्णय गरी मतपत्रमा सो दलको निर्वाचन चिन्ह उल्लेख गर्ने र सो बाहेकका अन्य जिल्लाका मतपत्रमा उक्त दलको निर्वाचन चिन्ह नभएमा उक्त जिल्लाका स्थानीय तह निर्वाचनमा दलको तर्फबाट उम्मेदवारी दिएमा पनि स्वतन्त्र समुहको निम्ति छुट्याइएको निर्वाचन चिन्ह लिई निर्वाचनमा भाग लिने प्रतिबद्धता समेत दलले ब्यक्त गर्नु पर्नेछ ।

२०७८/१२/०२

**शालिग्राम शर्मा पौडेल**
सहसचिव एवम् प्रवक्ता